संवत् २०८० साल चैत्र २९ गते बसेको कार्यपालिकाको १५ औं बैठकका निर्णयहरुः

बैठकका प्रश्तावहरू

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. प्रदेश समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्ध ।
३. प्रदेश विशेष अनुदान तर्फका आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
४. विविध
 क) बाल अधिकार समिति गठन सम्बन्धमा ।
 ख) लैंगिक हिंसा निवारण कोष संचालन समिति गठन सम्बन्धमा ।
 ग) अपाङ्गता परिचयपत्र वितरण कार्यविधि संसोधन सम्बन्धमा ।
 घ) सम्पति कर सम्बन्धमा ।
 ङ) स्लेट खानी सम्बन्धमा ।
 च) माध्यामिक तहको कक्षा ९ थप सम्बन्धमा ।
 छ) संघीय शिक्षण सिकाई अनुदान (अङ्ग्रेजी,गणित र विज्ञान) सम्बन्धमा ।
 ज) स्थानीय पाठ्यक्रम पारित सम्बन्धमा ।
 झ) अध्यक्ष कप संचालन सम्बन्धमा ।

निर्णयहरुः

१. यस अघि भएको कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो ।

२. **प्रदेश समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमाः**
लुम्बिनी प्रदेश सरकार, अर्थ मन्त्रालय, राप्ती उपत्यका(देउखुरी), नेपालको मिति २०८०/१२/२६ गतेको सुचना बमोजिम आर्थिक वर्ष २०८१/०८२ मा यस गाउँपालिकामा कार्यान्वयन हुने प्रदेश समपूरक अनुदान अन्तर्गतका देहायका आयोजना तथा कार्यक्रमहरु बमोजिम छनौट गरी प्रस्ताव पेश गर्नेः

देहाय

| क्र.सं. | आयोजना तथा कार्यक्रमको नाम | कार्यान्वयन स्थल | प्रदेशको अनुदान रकम | गा.पा.ले साझेदारी गर्ने रकम | कुल लागत |
|---|---|---|---|---|---|
| १ | जाजाखोला खानेपानी आयोजना | लुङ्ग्री-७, हार्जङ | ३५,००,००० | ६५,००,००० | १,००,००,००० |
| २ | ३ नं. वडा कार्यालय-सिमीगिठा मोटर बाटो निर्माण | लुङ्ग्री-३, जुतुङ्गखोला | ३५,००,००० | ६५,००,००० | १,००,००,००० |
| | | जम्मा | ७०,००,००० | १,३०,००,००० | २,००,००,००० |

गीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष

३. **प्रदेश विशेष अनुदान तर्फका आयोजनाको प्रस्ताव पेश गर्ने सम्बन्धमाः** लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय, राप्ती उपत्यका (देउखुरी), नेपालको प.स. २०८०/०८१, च.न. ५०२, मिति २०८०/१२/२७ गतेको सूचना मुताविक आ.व. २०८१/०८२ मा यस पालिकामा कार्यान्वयन हुने विशेष अनुदान तर्फका आयोजना तथा कार्यक्रमहरु देहाय वमोजिम छनौट गरी प्रस्ताव पेश गर्ने ।

देहाय

| क.स | आयोजना तथा कार्यक्रमको नाम | कार्यान्वयन स्थल | अनुदान माग रकम |
|---|---|---|---|
| १ | श्री जल्केनी खानेपानी आयोजना | लुङग्री ६, रोल्पा | ४०,००,०००। |
| २ | श्री लालि पोखरा खानेपानी आयोजना | लुङग्री १, रोल्पा | ४०,००,०००। |

४. विविध

क) बाल अधिकार समिति गठन सम्बन्धमाः बाल अधिकार समिति गठन कार्यविधि २०७७ को दफा ४(२) वमोजिम देहायको स्थानीय बाल अधिकार समित गठन गर्ने,

देहाय

| क.स | नाम, थर | पद |
|---|---|---|
| १ | श्री दिल कुमारी गुरुङ (उपाध्यक्ष) | संयोजक |
| २ | श्री जीत बहादुर परियार ( प्र.प्र.अ) | सदस्य |
| ३ | श्री विरवल खड्का क्षेत्री(सा.वि.स संयोजक) | सदस्य |
| ४ | श्री भेष बहादुर बिष्ट( शिक्षा शाखा प्रमुख) | सदस्य |
| ५ | श्री लेपेन्द्र बहादुर बुढाथोकी(स्वास्थ्य संयोजक) | सदस्य |
| ६ | श्री छविलाल कामी (कार्यपालिका सदस्य) | सदस्य |
| ७ | श्री पवित्रा कामी ( कार्यपालिका सदस्य) | सदस्य |
| ८ | श्री रिख बहादुर रोका ( कार्यपालिका सदस्य) | सदस्य |
| ९ | श्री एलिस खड्का (बालक्लवका प्रतिनिधि) | सदस्य |
| १० | श्री अन्जली बिष्ट (बालक्लवका प्रतिनिधि) | सदस्य |
| ११ | श्री भक्तराज बस्नेत (गै.स.स प्रतिनिधि) | सदस्य |
| १२ | श्री प्रहरी कार्यालयका प्रतिनिधि | सदस्य |
| १३ | श्री कल्पना सुवेदी (महिला तथा बालवालिका शाखा प्रमुख) | सदस्य सचिव |

ख) **लैंगिक हिंसा निवारण कोष संचालन समिति गठन सम्बन्धमाः** लैंगिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७७ को दफा ७(२) बमोजिम देहायको लैंगिक हिंसा निवारण कोष सञ्चालक समिति गठन गर्ने

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)



भरत कुमार थापा
गा.पा.अध्यक्ष

<u>देहाय</u>

१. श्री दिल कुमारी गुरुङ (उपाध्यक्ष)- संयोजक
२. श्री जीत बहादुर परियार(प्र.प्र.अ)-सदस्य
३. श्री बिरवल खड्का (सा.बि.स. संयोजक) – सदस्य
४. श्री दिल कुमारी गुरुङ पुन( कार्यपालिका सदस्य)-सदस्य
५. श्री अध्यक्षले तोकेको लै.स.सा.स क्षेत्रमा कार्यरत गै.स.स- सदस्य
६. श्री अध्यक्षले तोकेको लै.स.सा.स क्षेत्रमा कार्यरत गै.स.स- सदस्य
७. श्री लेपेन्द्र बहादुर बुढाथोकी ( स्वास्थ्य शाखा प्रमुख)-सदस्य
८. श्री भेष बहादुर बिष्ट( शिक्षा शाखा प्रमुख) -सदस्य
९. श्री कल्पना सुवेदी (महिला तथा बालबालिका शाखा प्रमुख)-सदस्य सचिव

ग) **अपाङ्गता परिचयपत्र वितरण कार्यविधि संसोधन सम्बन्धमाः** अपाङ्ता भएका व्यक्तिको परिचय-पत्र कार्यविधि,२०७६ को दफा ६ मा व्यवस्था भएको समन्वय समिति देहाय वमोजिम हुने गरी संसोधन गर्ने

<u>देहाय</u>

१. गाउँपालिका उपाध्यक्ष -संयोजक
२. प्रमुख प्रशासकिय अधिकृत- सदस्य
३. कार्यपालिकाले तोकेको १ जना महिला सदस्य सहित २ जना कार्यपालिका सदस्य- सदस्य
४. शिक्षा शाखा प्रमुख- सदस्य
५. स्थानीय स्वास्थ्य चौकी प्रमुख वा अस्पतालको चिकित्सक- सदस्य
६. स्थानीय प्रहरी कार्यलाय प्रमुख- सदस्य
७. अपाङ्गता भएका व्यक्तिको संरक्षणको क्षेत्रमा स्थानीय स्तरमा कार्यरत संध संस्थामध्येबाट गा.पा अध्यक्षले तोकेको १ जना प्रतिनिधि- सदस्य
८. गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरु मध्येबाट समन्वय समितिले मनोनयन गरेको १ जना महिला सहित २ जना – सदस्य
९. महिला तथा बालबालिका शाखा प्रमुखः सदस्य सचिव

घ) **सम्पति कर सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको क्षेत्र भित्र आ.व २०८१/०८२ देखि कार्यान्वयन गर्न आवश्यक प्रकृया अगाडि बढाउने,

ङ) **स्लेट खानी सम्बन्धमाः** लुङ्ग्री गाउँपालिकाको क्षेत्र भित्र रहेका स्लेट खानीहरुलाई आ.व २०८१/०८२ देखि करको दायरामा ल्याउन आवश्यक प्रकृया अगाडि बढाउने,

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.२०७३

भरत कुमार थापा
गा.पा.अध्यक्ष

च) माध्यामिक तह कक्षा ९ (नौ) थपका लागि निवेदन पेश गरेका विद्यालयहरुलाई कार्यपालिकाको बैठकले निर्धारण गरेका देहायका मापदण्ड, प्रतिबद्धता निर्धारित समय सिमा भित्र पुरा गर्ने विद्यालयहरुलाई अनुमति प्रदान गर्ने

देहाय

१. अनुमति प्राप्त मिति देखि कम्तिमा ५ वर्ष सम्म गाउँपालिकामा कुनै पनि अनुदानमा अपेक्षा नगर्ने,

२. अनुमति माग गर्ने विद्यालयको नाममा न्यूनतम २० लाखको अक्षय कोषमा खडा गरेको हुनुपर्ने र उक्त अक्षय कोषमा ५० प्रतिशत रकम मुद्दति खाता र ५० प्रतिशत रकम चल्ती खातामा मौज्दातमा हुनुपर्ने,

३. अनुमति माग गर्ने विद्यालयले आगामि शैक्षिक शत्र देखि कम्तिमा ५० प्रतिशत विद्यार्थि उत्तिर्ण गराउने,

४. अनुमति माग गर्ने विद्यालयको कक्षा ९(नौ) को विद्यार्थि संख्या हालको शैक्षिक सत्रमा कम्तिमा १० जना र आगामी शैक्षिक सत्र देखि कम्तिमा १५(पन्ध्र) जना हुनुपर्ने,

५. अनुमति माग गर्ने विद्यालयको आधारभूत भौतिक संरचना तथा शैक्षिक सामाग्रीहरुको व्यवस्थापन स्वयम विद्यालयले गर्नुपर्ने,

छ) संघीय शिक्षण सिकाई अनुदान (अङ्ग्रेजी, गणित र विज्ञान) आ.वि तथा मा.वि कोटामा कार्यरत अनुदान शिक्षकहरुको लागी उपलब्ध गराईएको अनुदान रकम अभावका कारण चैत्र सम्म मात्र पुग्ने सुनिश्चितता भएको हुदाँ सोही महिना सम्म मात्र भुक्तानी दिने र आगामी आ.व मा अनुदान रकमको सुनिश्चितता भएमा निजहरुबाट नै करार सेवा लिने गरी हाललाई चैत्र मसान्त देखि लागु हुने गरी सम्झौता रद्द गर्ने,

ज) स्थानीय पाठ्यक्रम पारित सम्बन्धमा: स्थानीय पाठ्यक्रम लुङ्ग्रीको पहिचान (कक्षा १-८) २०८० लाई पारित गर्ने र शैक्षिक सत्र २०८१ बाट कक्षा १-८ सम्म लागु गर्ने,

झ) अध्यक्ष कप सञ्चालन सम्बन्धमा: मिति २०८१/०१/०२ गते देखि सञ्चालन हुन तेस्रो अध्यक्ष कप प्रतियोगिताको सञ्चालक तथा व्यावस्थापन समितिले तयार गरेको प्रस्तावनालाई अनुमोदन गर्ने,

(ञ) श्री यातायात पूर्वाधार निर्देशनालय, बुटवलमा आ.व. २०८१/०८२ मा कार्यान्वयन हुने नयाँ झो.पु.हरुको विवरण पठाइएको देहायको विवरण अनुमोदन गर्ने ।

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)



लुङ्ग्री गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडाचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल स्था.२०७२

भरत कुमार थापा
गा.पा.अध्यक्ष

देहाय

| क. स. | झो. पु. को नाम | नदि /खोला | किनारा | | लम्बाई (मि.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | दायाँ | बायाँ | | |
| १ | भैवाङ् खोला झो.पु. | भैवाङ् खोला | १ | १ | ४० | |
| २ | आलिबाङ खोला झो.पु. | आलिबाङ खोला | १ | १ | ५० | |
| ३ | बोज्याङ खोला बग्गा | बोज्याङ खोला | ५ | ४ | ५० | |
| ४ | बोज्याङ खोला काभ्रा | बोज्याङ खोला | ५ | ४ | ५० | |
| ५ | कोप्चे बगर जुतुङ खोला झो.पु. | जुतुङ खोला | ४ | ३ | ४५ | |
| ६ | मूल खोला झो.पु. | मूल खोला | ७ | ७ | ४० | |
| ७ | गरिजा खोला झो.पु. | गरिजा खोला | ७ | ६ | ४० | |
| ८ | खादा खोला झो.पु. | खादा खोला | ७ | ७ | ४० | |
| ९ | लुङ्ग्री खोला झो.पु. | लुङ्ग्री खोला | ७ | ७ | ५० | |
| १० | तल्लो गुम्चाल खोला | तल्लो गुम्चाल खोला | ६ | ६ | ४० | |
| ११ | जुतुङ खोला | जुतुङ खोला | ३ | ३ | ४५ | |
| १२ | बोज्याङ खोला झुसिबांग | बोज्याङ खोला | ५ | ४ | ५० | |

निर्णय प्रमाणित गरिएको छ ।

...त बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष

लुङ्ग्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडाचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
स्था.२०७३